आ.व. २०७८/७९ बैठक नं. ५/६२

आज मिति २०७८ साल पौष २९ गते विहान ८ बजे भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती ज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| क्र स | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | भावना भण्डारी | उप प्रमुख | |
| ३ | दिपक राना | वडा नं. १ वडा अध्यक्ष | |
| ४ | काली बहादुर वली | वडा नं. २ वडा अध्यक्ष | |
| ५ | लिला बहादुर शाह | वडा नं. ३ वडा अध्यक्ष | |
| ६ | खम्ब जंग शाह | वडा नं. ४ वडा अध्यक्ष | |
| ७ | श्यामलाल जैसी | वडा नं. ५ वडा अध्यक्ष | |
| ८ | शशिराम बुढा | वडा नं. ६ वडा अध्यक्ष | |
| ९ | चन्द्र बहादुर शाही | वडा नं. ७ वडा अध्यक्ष | |
| १० | गोरे कार्की | का.बा. वडा अध्यक्ष ८ | |
| ११ | ध्रुव प्रसाद पौडेल | वडा नं. ९ वडा अध्यक्ष | |
| १२ | ठकेन्द्र बहादुर राना | वडा नं. १० वडा अध्यक्ष | |
| १३ | लक्ष्मी प्रसाद जैसी | वडा नं. ११ वडा अध्यक्ष | |
| १४ | निम बहादुर भनारी | वडा नं. १२ वडा अध्यक्ष | |
| १५ | गोपाल बटाला | वडा नं. १३ वडा अध्यक्ष | |
| १६ | पार्वती वि.क | कार्यपालिका सदस्य | |
| १७ | मनकला नेपाली | कार्यपालिका सदस्य | मनकला |
| १८ | रति वि.क | कार्यपालिका सदस्य | |
| १९ | सृजना वि.क | कार्यपालिका सदस्य | |
| २० | विर बहादुर बादी | कार्यपालिका सदस्य | |
| २१ | मिना पुन | कार्यपालिका सदस्य | |
| २२ | भद्रकला डाँगी | कार्यपालिका सदस्य | |
| २३ | विन्दु शाही | कार्यपालिका सदस्य | |
| २४ | दल बहादुर घर्ती | नि प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| २५ | प्रकाश कुमार शाही | कानुन अधिकृत | |
| २७ | सुर्य प्रसाद लम्साल | सुचना तथा प्रविधि अधिकृत | |
| २८ | सनत दवाडी | सहायकस्तर पाचौ | |
| २९ | राजेन्द्र बहादुर कठायत | लेखापाल | |
| 30 | शशिम शाई | शि.धं. | |

31 मोहन मल्ल ६.

32 केदार वहादुर घर्ती सहायक चौथो

Scanned with CamScanner

निर्णयहरुः

१. राष्ट्रिय राजनीतिक दलका गाउँ नगर जिल्ला तथा राष्ट्रिय अधिवेशनहरु पौष महिनाभर संचालन भएका तथा कोभिड १९ तेस्रो लहरका कारण २०७८ पौष २८ गते देखि २०७८ माघ १५ गतेसम्म लकडाउन हुने भएको कारण नगरपालिकाको दशौं तथा चालु आ.व. २०७८।७९ को विधायन सभा हालसम्म सम्पन्न हुन नसकेकोमा उक्त सभा २०७८ माघ २९ गते देखि संचालन गर्ने।

२. नगरवासिको सेवा तथा सुविधाको लागि नगरपालिकाले हालै खरिद गरेका एम्बुलेन्स र सव वाहनको सेवा शुल्क निम्न अनुसार निर्धारण गर्ने।

तपसिलः

**भेरी नगरपालिकाद्वारा संचालित एम्बुलेन्स तथा शव वाहनको भाडा दररेट**

| क्र स | देखी | सम्म | एम्बुलेन्स भाडा दर | शव वाहन भाडा दर |
|---|---|---|---|---|
| १ | खलंगा | नेपालगंज | ९००० | १०००० |
| २ | खलंगा | नारायणघाट | १९८०० | २२००० |
| ३ | खलंगा | काठमाण्डौं | २७००० | ३०००० |
| ४ | खलंगा | सुर्खेत | ६७५० | ७५०० |
| ५ | खलंगा | पाँचकाटिया | ५४०० | ६००० |
| ६ | खलंगा | थलह | ६३०० | ७००० |
| ७ | खलंगा | दल्ली | ५४०० | ६००० |
| ८ | खलंगा | स्याउली बजार | ३६०० | ४००० |
| ९ | खलंगा | बाहुनथाना | १८०० | २००० |
| १० | खलंगा | स्याला, कालेगाँउको माथिल्लो भेग | ४५० | ५०० |
| ११ | खलंगा | कालेगाँउ, स्यालाको तल्लो भेग, रावतगाँउ, बोहोरा, रिसाङ | ९०० | १००० |
| १२ | खलंगा | कार्कीगाँउ | ५४०० | ६००० |
| १३ | खलंगा | रिम्ना | २२५० | २५०० |
| १४ | खलंगा | पिपे | १२०० | १५०० |
| १५ | खलंगा | मटेला | १३५० | १५०० |
| १६ | खलंगा | कुदु | १८०० | २००० |
| १७ | खलंगा | काफलचौर, जगतिपुर | ३६०० | ४००० |
| १८ | खलंगा | आलि, भुरचौर, फेरा | ३००० | ३६०० |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १९ | खलंगा | भेरे, मछैना | ४००० | ४५०० |
| २० | खलंगा | कालाभुर, पोखरा | ४००० | ४५०० |
| २१ | खलंगा | तल्लुबगरर | ६७५० | ७५०० |
| २२ | खलंगा | बारेकोट | ७२०० | ८००० |
| २३ | खलंगा | कुशे-५ खुर्पा | ६३०० | ७००० |

**सम्पर्क नं. ९८६८०२७०११, ९८०४५८७४९६**

**पुनश्चः नगरपालिकाभित्रका बसोवास गर्ने ७० बर्ष माथिका जेष्ठ नागरिकलाई एम्बुलेन्सको निर्धारित शुल्कमा ५० प्रतिशत छुट र सुत्केरी महिलालाई निःशुल्क गर्ने ।**

३. कर्णाली प्रदेश सरकारबाट आ.व. २०७८।७९ को पूर्वाधार विशेष कार्यक्रम अन्तर्गत यस नगरपालिका भित्रका विभिन्न वडा तथा क्षेत्रमा कार्यान्वयन गर्ने रु ९० लाख बरावरको बजट तथा कार्यक्रम बारेमा जानकारी भयो ।

४. कर्णाली प्रदेश सरकारबाट आ.व. २०७८।७९ को मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस नगरपालिकाका विभिन्न वडामा संचालन गरिने देहाय बमोजिमका बजेट कार्यक्रम कार्यान्वयन प्रक्रिया र मापदण्ड सम्बन्धमा प सं २०७८।७९ च न ६९८ र मिति २०७८।८।२६ को परिपत्र तथा मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि २०७८ बारेमा जानकारी भयो । साथै उक्त कार्यक्रममा काम गर्ने दक्ष तथा अदक्ष श्रमिकंहरुको श्रम ज्याला दर चालु आ.व. को जिल्ला स्वीकृत दररेट बमोजिम निर्धारण गर्ने ।

तपसिलः

| क्र सं | आयोजना दर्ता नं | आयोजनाको नाम | वडा नं | कुल विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | २१७५ | दिपेन्द्र प्रा.वि. भवन तथा धेरावार निर्माण | १ | २६७८००० |
| २ | ३१७ | कालिका आधारभुत विधालय भवन निर्माण | २ | १५००००० |
| ३ | २५५६ | गलि पुराना स्कुल किटेनि सडक योजना | २ | ९००००० |
| ४ | २२७९ | डिंगा देखि ज्यामिरे सडक निर्माण योजना | २ | ९००००० |
| ५ | १६२८ | तटवन्ध निर्माण योजना | ३ | ७७५००० |
| ६ | ३०४४ | सिमलगैरी खा पा निर्माण | ३ | १०००००० |
| ७ | २४९ | राम जानकी आ वि देखि सत्कार एग्रिकल्चर प्रा लि सम्म सडक निर्माण | ४ | १२००००० |
| ८ | ३९७५ | खेलकुद मैदान निर्माण | ४ | ८७०००० |
| ९ | ४१९ | सिशाइखोलि देखि चौतारी विसाउना सम्म कृषि सडक निर्माण | ५ | १८५५००० |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १० | १९१ | पात्ले खोला घोरलास हुदै थापा गाँउ टोल | ६ | २२१८००० |
| ११ | ९३ | सिमा प्राथमिक विधालय भवन निर्माण | ७ | १०००००० |
| १२ | ८८ | मेलचौर - डौरि खोला सडक आयोजना | ७ | १०००००० |
| १३ | १०४७ | चिसापानि चौर खाने पानि | ७ | ७०७००० |
| १४ | ३२२९ | मुल र खोला देखि बुरुंगे गाँउ सम्म खा पा योजना | ८ | १०००००० |
| १५ | २३५ | श्री मस्टा आ वी फिल्ड निर्माण | ८ | ७९६००० |
| १६ | २९५ | जसेका देखि दारकारे हुदै ओखट्टे गैडा दारकारे हुदै चिसिमुल विस्तार कृषि सडक निर्माण | ९ | १७३५००० |
| १७ | ३९८ | तल्लो चौर लिफ्ट सिचाइ आयोजना | १० | १९३४००० |
| १८ | ३९३६ | फेरा धुलेउरा वडा कार्यालय हुदै वडा नं ५ को बागखोर खलंगा जोडने सडक स्तर उन्नती | ११ | २६२०००० |
| १९ | १३० | जरेला देखि सालिविसान सम्म खा पा निर्माण | १२ | २०३४००० |
| २० | ३१११ | शहिद स्मृति पार्क | १३ | १६५५००० |
| | | कुल | | २८३७७०००/- |

५. यस नगरपालिकाको प्रशासकीय भवन निर्माण क्रमागत आयोजना यस वर्ष सम्पन्न हुने भएको हुँदा आगामि आ.व. मा बजेट माग नगर्ने र नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यस चालु आ.व. मा रु १ करोड ७ लाख प्राप्त अख्तियारी मध्येबाट टेण्डर सम्झौता बाहेक निर्माण गर्न आवश्यक देहाय बमोजिमका कार्यहरु गर्ने ।

| क्र सं | कार्यहरु | बजेट रु | भुक्तानी पाउने फर्म |
|---|---|---|---|
| १ | प्रशासकीय भवनको लिफ्ट जडान कार्य | ३१ लाख १७ हजार ६ सय ३५ | आर एम एस ईन्टरनेश्नल |
| २ | नगरपालिका भवन अगाडी ढलान कार्य | ५ लाख | के वि निर्माण सेवा खलंगा ७ |
| ३ | नगरपालिका भवन अगाडी त्रि.मा.वि. जाने सडक जाने ढलान कार्य | ५ लाख | सुमन कन्ट्रक्सन भेरी ३ |
| ४ | नगरपालिका पुरानो भवन रंगरोगन तथा नाली व्यवस्थापन कार्य | ५ लाख | लक्की निर्माण सेवा भेरी ३ |
| ५ | नगरपालिका भवन अगाडीको ढलान कार्य | २३ लाख ८६ हजार | |
| ६ | कानून शाखा अगाडी मेलमिलाप शाखा निर्माण | १० लाख ७९ हजार - | |
| ७ | नयाँ भवन फर्निसिङ एण्ड फिनिसिङ | २६ लाख १७ हजार ३ सय ६५ | |
| | कूल जम्मा रु | १ करोड ७ लाख | |

Scanned with CamScanner

६. यस नगरपालिका अन्तर्गतका ७ वटा आधारभुत वडा स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको तलव हालसम्म पनि निकासा प्राप्त हुन नसकेकोले यथासिघ्र बजेट व्यवस्था तथा अख्तियारिको लागि नेपालर सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा अर्थ मन्त्रालयमा माग गर्ने र उक्त बजेट निकासा भए पश्चात सोधभर्ना हुने गरी हाललाई गत बर्षको मौज्दात अ ल्या चालु तथा चालु बर्षको समपुरक अनुदान निशर्त चालु तर्फ विनियोजित रकमबाट भुक्तानी गर्ने ।

७. जाजरकोट ढुंगा ईन्डष्ट्रिज एण्ड सप्लायर्स वडा नं १० का प्रो महेन्द्र बहादुर शाहीले वडा नं १० मा पर्ने कि नं ५०७ को क्षेत्रफल ४.३.३.३ को निजी दर्ता श्रेष्ता कायम भएको जग्गाबाट स्लेट ढुंगा निकाली विक्रि वितरणको लागि निकासि पैठारी गर्न अनुमति माग गरी पेश गरेको निवेदन सम्बन्धमा छलफल गर्दा हाल नगरपालिकाले स्लेट ढुंगा उत्खनन् तथा विक्रि वितरण सम्बन्धमा ऐन नियम तथा कार्यविधि तर्जुमा गरि नसकेको र संघीय खानी खनिज पदार्थ ऐन बमोजिम अनुमतिका लागि खानी तथा भु-गर्व विभागमा अनुमतिका लागि प्रक्रियामा रहेकोले यस आ.व. को लागि अस्थायि रुपमा उल्लेखित जग्गाबाट निकालेका स्लेट नियमानुसार लाग्ने राजश्व तिरी विक्रि वितरणको लागि अनुमति दिने र अव उप्रान्त नगर क्षेत्रभित्रका भित्रका सबै वडामा प्रचलित कानून बमोजिम सम्बन्धित नियकाबाट अनुमति नलिई ढुंगा विक्रि वितरण तथा उत्खनन् गर्न नपाउने गरी रोक लगाउने ।

८. पहाडी क्षेत्र विकास अभियान जाजरकोटको प.सं. २०७८।७९ च.नं. ६९ मिति २०७८।९।२९ को प्राप्त पत्रानुसार यस नगरपालिका भित्र सेभ द चिल्ड्रेनको आर्थिक सहयोगमा संचालन हुने CSSP परियोजनाको लागि वडा छनौट का लागि अनुरोध भई आएकोमा उक्त कार्यक्रम संचालनको लागि वडा नं १ देखि ६ सम्मका वडा छनौट गरी सिफारिस गर्ने ।

९. जाजरकोट खलंगा सह लगानी खानेपानी तथा सरसफाई उपभोक्ता समिति वडा न ३ र ४ को बाँकी काम सम्पन्न गर्न बजेट अभावका कारण समस्या भएकोले उक्त आयोजनाको बाँकी कार्य सम्पन्न गर्न नेपाल सरकार अर्थ मन्त्रालयमा आवश्यक बजेट माग गर्ने ।

१०. विभिन्न निकाय एव क्षेत्रबाट कार्य सम्पन्न भई भुक्तानीका लागि माग भई आएका तथा कार्यान्वयनका लागि पेश भएका तपसिलमा उल्लेखित कार्यक्रमहरुको लागि देहाय बमोजिमको शिर्षकबाट बजेट विनियोजन तथा भुक्तानी गर्ने ।

| क्र सं | कार्यक्रम | बजेट | भुक्तानी शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | रमाईलो मेला खेलकुद तथा संस्कृति कार्यक्रम भेरी न.पा. वडा नं ३ थाप्लेचौर | २ लाख | गत आ.व. को अ ल्या रकम अन्तर्गत कला संस्कृति तथा साहित्य संरक्षण शिर्षकमा बिनियोजित रु ६ लाख मध्येबाट | |
| २ | नेपाल गोजोरियो कराँते दो संघ काठमाण्डौलाई सहयोग | ५८ हजार ८ सय | गत आ.व. को अ ल्या रकम अन्तर्गत मेयरसंग खेलकुद शिर्षकमा बिनियोजित रु ७ लाख मध्येबाट | |
| ३ | क्रिकेट सामग्रि खरिद तथा वितरण | ५१ हजार | गत आ,व. को अ ल्या रकम अन्तर्गत मेयरसंग खेलकुद शिर्षकमा बिनियोजित रु ७ लाख मध्येबाट | |
| ४ | झादेउ मेला कुशेगाउँपालिका वडा नं ५ | २५ हजार | गत आ.व. को अ ल्या रकम अन्तर्गत कला संस्कृति तथा साहित्य संरक्षण शिर्षकमा बिनियोजित रु ६ लाख मध्येबाट | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ५ | अधुरो सिंचाई कुलो भे न.पा. वडा नं १ | २ लाख | चालु आ.व. को राजश्व बाँडफाँडतर्फ चालु कार्यक्रम शिर्षकमा बिनियोजित रकमबाट | |
| ६ | राउटे लोपोन्मुख सिमान्तकृत वर्ग उत्थान प्रतिष्ठान नेपाल | १५ हजार | गत आ.व. को अ ल्या रकम अन्तर्गत कला संस्कृति तथा साहित्य संरक्षण शिर्षकमा बिनियोजित रु ६ लाख मध्येबाट | |
| ७ | भे न.पा. ४ स्थायी निवासि एलिसा परियारलाई विपन्न तथा जेहेन्दार छात्रबृत्ति | ७० हजार | चालु आ.व. को राजश्व बाँडफाँडतर्फ चालु कार्यक्रम शिर्षकमा बिनियोजित रकमबाट | |
| ८ | भे न.पा. वडा नं ७ निवासि विपन्न दलित नागरिक विर बहादुर टमटाको आवास निर्माण | ६० हजार | चालु आ.व. को राजश्व बाँडफाँडतर्फ चालु कार्यक्रम शिर्षकमा बिनियोजित रकमबाट | |
| ९ | वडा नं ११ को स्वास्थ्य चौकी भवन निर्माणका लागि DPR तयार गर्ने | ५ लाख | चालु आ.व. को मौज्दात हुने रकमबाट | |
| १० | जाजरकोट बहुप्राविधिक शिक्षालयमा पुस्तकालय स्थापनाको लागि पुस्तक खरिद | ४ लाख | चालु आ.व. को निशर्त अनुदान शिक्षातर्फको विध्यालय स्वयंसेवक शिक्षक अनुदानमा विनियोजित शिर्षकमा मौज्दात हुने रकमबाट | |

११. नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंह दरवार काठमाण्डौंको स्थानीय तहमा आ.व. २०७९।८० का लागि संघीय समपुरक अनुदान तथा विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना कार्यक्रमका लागि मिति २०७८।८।२४ को प्रस्ताव आव्हान सम्बन्धि सूचना अनुसार यस नगरपालिकाबाट निम्न अनुसारका योजना तथा कार्यक्रम माग गर्नेः

| क्र सं | योजना तथा कार्यक्रमको नाम | बजेट रु | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक नगर अस्पतालको भवन निर्माण भेरी नगरपालिका वडा नं ७ स्याउलीबजार | ५ करोड | |
| २ | शैक्षिक विकास कार्यक्रम | ५३ लाख | |

१२. यस नगरपालिका विरुद्ध पर्ने मुद्धा मामिला सम्बन्धि गर्नुपर्ने सम्पुर्ण कामकाज लागि नगर कार्यपालिको कार्यालय प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने। साथै, यस नगरपालिकाको कार्यालय नागार्जुन केशव शाह जे.वि. का अख्तियार वाला केशव कुमार शाहले यस नगरपालिकाको लाई विपक्षि बनाई उच्च अदालत सुर्खेतमा दर्ता गरेको रिट नं. ०७८-WO 0014 निषेधाज्ञा मिश्रित परमादेश रिटमा नगरपालिकाको कार्ययालयको तर्फबाट बहस पैरबी गर्नको लागि अधिवक्ता श्री नन्द बहादुर भण्डारीलाई जिम्मेवारी दिने र नगरपालिकाको तर्फबाट लिखित जवाफ पेश गर्ने तारेख लिने र पुर्पक्ष गर्ने कार्यका लागि यस नगरपालिकाका कानुन अधिकृत श्री प्रकाश कुमार शाही लाई अख्तियारी दिने साथै यस कार्य प्रयोजनका लागि रु १(एक) लाख वजेट राजश्व बाँडफाँट अन्तरगत परामार्श तथा अन्य सेवा शुल्कबाट विनियोजन गर्ने।

Scanned with CamScanner

१३.यस नगरपालिकाको आ. व. २०७६।७७ को महालेखा परिक्षकको बार्षिक लेखा परिक्षण प्रतिवेदन प्राप्त भएको र उक्त प्रतिवेदनले औँल्याएका बेरुजु फर्छ्यौटका लागि प्रतिवेदनमा उल्लेख भए अनुसार (नियमित गर्ने, असुली गर्ने, तथा पेश्कि फर्छ्यौट गर्ने) आदि प्रक्रिया पुरा गरी सोको प्रतिवेदन आगामि हिउँदे सभामा पेश गर्न यस नगरपालिकाको लेखा समितिलाई निर्देशन दिने।

१४. नगरपालिकाको सेवा प्रवाहलाई अझ बढी चुस्त, प्रभावकारी तथा पारदर्शि बनाउन निम्न कार्यविधि संशोधन तथा स्वीकृत गर्ने

क. भेरी नगरपालिकाको एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ (संशोधन गर्ने)

ख. लेखा समितिको कार्य संचालन नियमावली, २०७८

Scanned with CamScanner